# महिला मानव अधिकार रक्षक सुरक्षा नीति २०७४

महिला मानवअधिकार
रक्षकहरूको राष्ट्रिय अधिकार

**थप जानकारीका लागि:**

**ओरेक नेपाल पो.ब.नं. १३२३३, काठमाडौं, नेपाल**
**टेलिफोन** : (९७७)- ०१-५१८६३७४, ०१-५१८६०७३
(**केन्द्रिय कार्यालय**) (९७७) ०८४-४२०१६८ (**बर्दिया**)
**हटलाईन** : १६६०-०१-७८९१०,
Email : ics@worecnepal.org

**सहयोग:**

**सर्वाधिकार: ओरेक नेपाल**
**मुद्रण: ड्रिम गाफिक्स प्रेस**
**थापाथली, काठमाडौं, फोन नं:** ४१०२०८७/८८

# महिला मानव अधिकार रक्षक भनेर कसलाई भन्ने?


संयुक्त राष्ट्रसंघको परिभाषा अनुसार, "त्यस्ता व्यक्तिहरू, जो व्यक्तिगत वा अरूसँग संगठित भएर, मानवअधिकार र मौलिक स्वतन्त्रताको पक्ष पोषण गर्छन्, उनीहरू मानव अधिकार रक्षक हुन् "त्यसैगरी महिला मानवअधिकार रक्षकहरूको अन्तर्राष्ट्रिय सञ्जाल ९ध्ज्च्मक्ष्ऋ० ले, "कुनै विशेष वा सबै मानव अधिकारको रक्षामा संलग्न महिलाहरू, महिला अधिकार वा महिला र यौनिकतासँग जोडिएका सबै अधिकारको रक्षाका लागि कार्य गर्ने सबै लिङ्गका व्यक्तिहरूलाई महिला मानवअधिकार रक्षक भनिन्छ" भनेर परिभाषित गरेको छ। तर, "पुरुषले महिला अधिकारको रक्षा गरेपनि समाज र राज्यहरूमा महिलालाई दिएको स्थानका कारण महिला मानवअधिकार रक्षकले जुन तहबाट विभेद र बहिस्करणको अनुभव गर्नपर्दछ, पुरुषले गर्न पर्दैन, त्यसैले महिला मानवअधिकार रक्षक महिला नै हुन्छन् भनिन्छ।

संयुक्त राष्ट्रसंघको महासभाले १९९८ मा मानवअधिकार रक्षकहरूको परिभाषा गरे पछि त्यसलाई आधार मान्दै महिला अधिकारको क्षेत्रमा काम गर्ने महिला तथा अन्य व्यक्तिलाई समावेश गर्न अलि बिस्तृत बनाउनु पर्ने सुझाबहरू मानवअधिकार क्षेत्रबाट आउन थाले। "महिला अधिकारको क्षेत्रमा काम गर्ने महिलाहरूले समाजमा रहेको आफ्नो स्थानका कारण घरभित्र र बाहिर विभिन्न खाले जोखिमहरूको सामना गरिरहेको यथार्थतालाई आत्मसात गर्दै महिला मानवअधिकार रक्षकहरूका लागि विशेष प्रावधानहरू आवश्यक छन्" भनि संयुक्त राष्ट्रसंघका महासचिव मानवअधिकार रक्षक सम्बन्धी बिशेष प्रतिनिधि बिना जिलानीले आफ्नो पहिलो प्रतिबेदनमा उल्लेख गरेकी थिईन्। महिला मानव अधिकार रक्षकको परिभाषा र आवश्यक पर्ने मापदण्ड सम्बन्धी मानवअधिकार र महिलाको मानव अधिकारको क्षेत्रमा काम गर्ने संघ संस्था र व्यक्तिहरूको बीचमा हुने छलफलमा ओरेक नेपालको सहभागिता थियो।

देश भित्र त्यतिखेर माओवादी र नेपाल सरकार बीच सशस्त्रद्वन्द चलेको थियो। यसबाट सबै भन्दा बढी मानव अधिकारप्रभावित भएका थिए। त्यतिखेर त्यस्ता मानव अधिकारजो महिला अधिकार खास गरी महिलाहिंसा बिरुद्ध सामुदायिक तह देखि नै सक्रिय थिए उनीहरू दोहोरो चपेटामा परेका थिए। धेरै महिलाहरूले आफूहरूलाई समुदायमा परिरहेको (मानव अधिकारको क्षेत्रमा काम गर्दाको बखतमा) समस्या ओरेक नेपालमा छलफल गर्ने गरेका थिए। ओरेकका केही समुदाय स्तरमा सक्रिय रूपमा काम गर्ने अधिकारकर्मीहरू पनि यो समस्याबाट पीडित थिए। नेपालमा समुदाय तहमा कार्यरत यी महिलाहरूले सुनाएका समस्याहरू र अन्तर्राष्ट्रिय तहमा बिशेषतः संयुक्त राष्ट्रसंघ मानवअधिकार परिषदमा महिला मानवअधिकार रक्षकहरूका सम्बन्धमा चलेको छलफलमा देखिएका समस्याहरू उस्तै थिए। त्यो स्थितिले समुदाय तहमा महिला अधिकारका लागि कार्यरत महिलाहरूले सबै ठाउँमा उस्तै समस्या भोगिरहेको यथार्थ हाम्रे सामु आएको थियो। यस्ता मानव मानवअधिकार रक्षक हुन्। त्यसैले यिनको पहिचान महिला मानव अधिकार रक्षकको रूपमा स्थापित हुनुपर्दछ भन्ने मान्यता महिला अधिकारकर्मीहरू भित्र रह्यो। माथि उल्लेख गरेझैं ओरेक नेपाल पनि त्यस्ता छलफलको एक महत्वपुर्ण घटक भएको कारण देशभित्र भएका यस्ता महिला अधिकारकर्मीहरूलाई संगठित गरी उनीहरूलाई महिला मानव अधिकार रक्षकको रूपमा चिनिन मान्यता पाउनु पर्छ र उनीहरूले पनि अरू मानवअधिकार रक्षकले पाउने गरेको मान, सम्मान र सुरक्षा पाउनु पर्छ भनी महिलाहरूलाई संगठित गर्ने प्रक्रिया थालियो।

ओरेक नेपालले अन्य विभिन्न संघ संस्थाहरूको सहयोग लिँदै सन् २००४ मा विराटनगर, दाङ्ग र बाग्लुङ्गमा "हिंसात्मक राजनीतिक द्वन्द्व, शान्ति र विकासका लागि चुनौति तथा द्वन्द्व, विस्थापन र स्थानागमन, शान्ति र विकासका लागि चुनौतिहरू" नामक सम्मेलन आयोजना गरेको थियो। उक्त सम्मेलनमा महिलाको मानवअधिकारको विषय अधिकांश सहभागीले उठाए पछि महिला मानव अधिकार रक्षकलाई छुट्टै संगठन निर्माण गर्न ओरेकले पहल सुरु गरेको थियो। सोही पहल स्वरूप २००६ को मार्चमा पहिलो पटक महिला मानवअधिकार रक्षकहरूको पहिलो परामर्श गोष्ठी काठमाडौंमा सम्पन्न भयो।

जसले समुदाय स्तरदेखि राष्ट्रिय स्तरसम्म मानवअधिकार र महिला अधिकारका क्षेत्रमा क्रियाशील संघ संस्थाहरूको समन्वयमा महिला मानव अधिकार रक्षकहरूको पहिचान, सुरक्षा र अधिकारका निम्ति आपसमा संगठित र क्रियाशील हुने उद्देश्य राखेर निरन्तर काम गर्दै आएको छ. अहिले मानवअधिकार रक्षकहरूको राष्ट्रिय सञ्जालमा ८ हजार भन्दा बढी महिला मानवअधिकार रक्षकहरू आबद्ध रहेका छन्।




*महिला मानवअधिकार रक्षकहरूको राष्ट्रिय सञ्जालको सांगठानिक संरचना।*

महिला मानवअधिकार रक्षकहरूको हरेक वर्ष हुने साधारणसभाले सचिवालयको पुनर्गठन गर्छ। जसमा हरेक जिल्लाबाट आउने प्रतिनिधिले सचिवालयका पदाधिकारी छनोट गरिन्छ। जिल्ला सञ्जालहरू आफ्नो सञ्जालको गठन, पुनर्गठन र वार्षिक साधारण सभा गर्ने कुरामा स्वतन्त्र हुन्छन्।

## सदस्यहरूको वर्गीकरण

महिला मानवअधिकार रक्षक सञ्जालको सदस्य पाँच तरिकाले बन्न सकिन्छ। जसमा साधारण सदस्य, मानार्थ सदस्य, आजीवन सदस्य, संस्थापक सदस्य र सहयोगी सदस्य गरी वर्गीकरण गरिएको छ। जुन निम्न अनुसार छन्।

- साधारण सदस्य बन्नको लागि १८ वर्ष उमेर पुरा गरेको नेपाली महिला नागरिक जसले मानव अधिकारको क्षेत्रमा काम गरे, सार्वजनीक सम्पति हिनामिना गरेको नठहरेको, नैतिक पतन देखिने फौजदारी र भ्रष्टाचारीको अभियोगमा सजाए नपाएको, यस सञ्जालको लक्ष्य तथा उद्देश्यमा अभिरुचि लिई प्रतिवद्धता जाहेर गरि, नागरिक वा संस्थाले प्रवेश शुल्क वापत रु १०० लिई आवेदन दिनेलाई कार्य समितिले साधारण सदस्यता प्रदान गर्नेछ र साधारण सदस्यको वार्षिक नवीकरण दस्तुर रु. ५० हुनेछ। साधारण सदस्यता प्रत्येक वर्षको आश्विन मसान्तसम्म नविकरण गराई सक्नु पर्नेछ।
- मानार्थ सदस्यको हकमा भने, साधारण सभाले उपयुक्त ठहर गरेको तथा महिलाको मानव अधिकारको क्षेत्रमा धैरै लामो समय सम्म विशिष्ट रूपमा कार्यरत नेपाली महिला नागरिकलाई मानार्थ सदस्यता दिन सकिने छ तर मानार्थ सदस्यको मताधिकार रहने छैन।
- आजिवन सदस्य बन्नको लागि यस सञ्जाल एक मुष्ठ रु.५००० रूपैंयाँ प्रदान गर्ने स्वदेशी वा विदेशी संस्था वा व्यक्तिलाई कार्य समितिले निर्णय गरी आजिवन सदस्यता प्रदान गर्ने छ।
- संस्थापक सदस्यको रूपमा यो विधान स्वीकृत हुँदाको बखतको यस विधानमा हस्ताक्षर गर्ने पदाधिकारीहरू संस्थापक सदस्य मानिने छन्। संस्थापक सदस्यहरूको साधारण वा आजीवन सदस्यता लिएर विधान वमोजिमको शुल्क बुझाउनु पर्नेछ।
- सहयोगी सदस्य बन्नको लागि विभिन्न किसिमले सहयोग गर्ने स्वदेशी वा विदेशी व्यक्तिहरूलाई कार्य समितिले निणर्य गरी सहयोगी सदस्यता प्रदान गरिने छ।

## सदस्यताको लागि अयोग्यता वा वहाल रहन नसक्ने अवस्था

देहायको अवस्थामा कुनै व्यक्ति वा संस्थाले मानव अधिकार रक्षहकरूको सञ्जालको सदस्यता प्राप्त गर्न सक्ने छैनन्।

- १८ वर्ष उमेर नपुगेका नागरिक
- मानसिक रुपमा अस्वस्थ्य व्यक्ति
- दामासाहिमा परेको व्यक्ति वा संस्था
- नैतिक पतन हुने फौजदारी अपराधमा सजाय पाएको
- सार्वजनीक सम्पति हिनामिना गरेको ठहरेको
- संजालको विरुद्ध प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा मुद्धामा संलग्न व्यक्ति
- यस संजालको आचरण सम्बन्धि नियम उल्घन गरी संजालबाट निस्कासीत व्यक्ति वा संस्था
- सम्वन्धीत संजालको व्यवसायमा निजी स्वार्थ भएका
- भ्रष्टाचार गरेको अभियोगमा सजाए पाएका
- साधारण सदस्य हुने योग्यता नभएको व्यक्ति
- साधारणसभाको ७५ प्रतिशत सदस्यहरुको बहुमतले संस्थाको सदस्य पदवाट हटाउने प्रस्ताव पारित गरेमा
- राजीनामा दिई सदस्यता परित्याग गरेमा,
- संजालको काम कारवाहीमा वेईमानी वा वदनियत गरेको कुरा अदालतबाट प्रमाणित भएमा वा संजालले गर्न नहुने भनी तोकीएको कुनै कार्य गरेमा,

कुनै व्यक्ति वा संस्थालाई सञ्जालको सदस्यता प्राप्त गर्न वा वहाल रहन अयोग्य ठहराउनु भन्दा अघि महिला मानवअधिकार सञ्जालले निजलाई सो कुराको सुचना दिई सफाईको सवुत पेश गर्ने मौकाबाट बञ्चित गर्ने छैन।

# विषय-सूची


| विषय | पृष्ठ |
|---|---|
| १. प्रस्तावना | १ |
| २. परिकल्पना | २ |
| ३. उद्देश्य | ३ |
| ४. रणनीति | ३ |
| ५. परिभाषा | ३ |
| ६. कार्यान्वयन नीति | ४ |
| ७. कार्यनीति | ७ |
| ८. समन्वय सम्बन्धी व्यवस्था | ८ |
| ९. मानवअधिकार रक्षक सुरक्षा कोष | ८ |
| १०. अन्य व्यवस्थाहरु | ८ |
| ११. मानवअधिकार रक्षकहरुको सुरक्षा र राज्यको दायित्व | ९ |

## (१) प्रस्तावना :

सन् १९४८ मा मानवअधिकारको विश्वव्यापी घोषणापत्र जारी हुनुपूर्व देखि नै नागरिकका अधिकारहरूको संरक्षण र सम्मान गर्न राज्यलाई उत्तरदायी बनाउन मानवअधिकार रक्षकहरूले अथक संघर्ष र निरन्तर अभियान सञ्चालन गरेका थिए। त्यस्ता प्रयास र कार्यहरू १९४८ को घोषणापत्र अनुमोदन पश्चात संस्थागत हुनथाले। तथापी मानवअधिकार रक्षकहरूले व्यक्ति, समुदायको आधारभूत स्वतन्त्रता, अधिकार बहाली र उपभोगका लागि काम गरेकै आधारमा हिंसा, विभेद, यातना, तिरस्कार जेलयात्रा खप्नुपर्ने कार्य भने रोकिन सकेन। अरूको अधिकारको लागि अनवरतरूपमा लागि पर्ने अभियान्ताहरूले आफ्नै जीवनमा जोखिम भोग्नु पर्ने अवस्था रहिरह्यो। त्यसैले त्यसको अन्त्यका लागि पनि दशकौँदेखि मानव अधिकारकर्मीहरूले निरन्तररूपमा आवाज उठाइरहेका छन्। परिणामस्वरूप संयुक्त राष्ट्रसङ्घ महासभाद्वारा सन् १९९८ मा मानव अधिकार रक्षकहरूसम्बन्धी घोषणापत्र पारित गर्‍यो। सन् २००० मा मानवअधिकार रक्षकहरूको संरक्षण गर्ने संयन्त्रको निर्माण गरियो। मानव अधिकार उच्च आयुक्तको अनुरोधमा संयुक्त राष्ट्रसङ्घीय महासचिवद्वारा मानवअधिकार रक्षकसम्बन्धी विशेष प्रतिनिधि नियुक्त गर्ने व्यवस्था भयो। जो अहिले संयुक्त राष्ट्रसंघीय विशेष प्रतिवेदक (Special Rapportor on Human Right Defender) को रूपमा स्थापित छ।

संयुक्त राष्ट्रसङ्घीय महासचिवका विशेष प्रतिनिधिले आफ्नो प्रारम्भिक प्रतिवेदनमा मानवअधिकार रक्षकहरूले अहिलेसम्म पनि आफूले मानवअधिकारको रक्षाका लागि काम गरेकै कारण विभिन्नखाले जोखिमहरू उठाईरहनुपरेको, उनीहरूको हत्या समेत भइरहेको जस्ता मुद्दाहरू उठान गरेकी थिइन्। यसका साथै उनले आधुनिक सभ्यताले स्वीकार्न नसक्ने लज्जास्पद मान्यता, परम्परा, विभेद, र हिंसाहरूका विरुद्ध आफ्नो जीवनलाई अत्यन्तै जोखिममा राखेर निरन्तर लागिपरेका र महिलाअधिकारको क्षेत्रमा काम गर्ने मानवअधिकार रक्षकहरू अझ थप जोखिममा रहनुपरेको यथार्थता बाहिर ल्याएकी थिइन्। उनको उक्त प्रतिवेदन लगायत पछिल्ला प्रतिवेदनहरू समेतमा त्यस्ता महिला मानवअधिकार रक्षकहरू आफूले पाउन सक्ने सुरक्षा प्राप्त गर्न पाउने अधिकार लगायतका अधिकारहरूबाट बञ्चित हुनुपरेको यथार्थता सार्वजनिक भएको छ। सबै मानवअधिकार रक्षकहरू मानवअधिकार रक्षाको लागि काम गर्दा व्यक्तिगत तह देखि राष्ट्रिय तहहरूमा विभिन्न खाले जोखिम खपेर काम गर्न बाध्य हुन्छन्। यो यथार्थता हो। तर समाज, राष्ट्र र पितृसत्तात्मक सोँच भएका व्यक्तिहरूको वाहुल्य भएको हाम्रो जस्तो समाजमा महिला मानव अधिकार रक्षकहरूले थप जोखिमको सामना गर्नुपर्दछ यसलाई बुझ्नु पनि अत्यन्त आवश्यक छ।

मानवअधिकार रक्षकहरूले देशलाई मानवअधिकारमुखि बनाउन महत्वपूर्ण भूमिका खेल्दछन्। मानव अधिकार रक्षकहरू सुरक्षित भई काम गर्ने वातावरण भएको देश मात्र मानव अधिकारमुखि बन्न सक्दछ। लोकतन्त्रका लागि आधार तयार हुन्छ। नेपालले मानव अधिकारको संरक्षण र प्रवर्द्धन गर्न मानव अधिकार सम्बन्धी विभिन्न अन्तर्राष्ट्रिय सन्धि सम्झौतामा हस्ताक्षर गरेको छ। संयुक्त राष्ट्रसङ्घको बडापत्रका सिद्धान्तहरू स्वीकार गरी अन्तर्राष्ट्रिय मानवीय कानुनको आधारभूत सिद्धान्त र मान्यताहरूलाई स्वीकार गरेको छ। यसमै आधारित भई गरिएको देशको संविधानले सबैको मानव अधिकार

पूर्ण रूपले सुनिश्चित गरिने छ भनी स्पष्ट बनाएको छ।

नेपालमा पञ्चायती एकतन्त्रात्मक व्यवस्था विरुद्ध र लोकतान्त्रिक अधिकारको बहाली गराउन, मानवअधिकार रक्षकहरूले महत्वपूर्ण भूमिका खेलेका हुन्। यसरी नेपालमा मानव अधिकारको लागि महत्वपूर्ण योगदान गरी राज्यका हरेक क्षेत्रमा मानव अधिकार रक्षाको लागि काम गरिरहेका मानव अधिकार रक्षकहरूको सुरक्षाको सुनिश्चितता गर्ने कार्य अहिले लोकतन्त्र स्थापना पश्चात पनि जटिल छ। गम्भीर चुनौतीको रूपमा रहेको छ। यो दुखद यथार्थ हो। यो चुनौतीलाई समाधान नगरेसम्म नेपाल सरकारद्वारा अन्तर्राष्ट्रिय तहमा मानव अधिकार प्रतिको प्रतिबद्धता पूर्ण रूपले हुन सक्दैन। मानव अधिकारयुक्त देशमा बाँच्न पाउने हरेक नागरिकको संवैधानिक अधिकार सुनिश्चित हुने वातावरण बन्दैन।

नेपाल सरकारलाई मानव अधिकार सुनिश्चित हुने वातावरण तैयार गर्न सहज वातावरण बनाउने उद्देश्यले मानव अधिकारको विश्वब्यापी घोषणापत्र लगायत मानव अधिकार र मौलिक स्वतन्त्रता सम्बन्धी अन्तर्राष्ट्रिय सिद्धान्त, कानुन, मान्यता, सन्धि सम्झौताहरू र संयुक्त राष्ट्रसङ्घ सभाबाट १९९८ मा पारित विश्वव्यापी रूपमा मान्यता प्रदान गरी स्वीकार गरिएका मानवअधिकार र मौलिक स्वतन्त्रताको प्रवर्द्धन र संरक्षण गर्नको लागि व्यक्ति, समूह र निकायहरूको समुदायका अधिकार र उत्तरदायित्व सम्बन्धमा गरिएको घोषणापत्र ५३/१४४ को घोषणालाई व्यवहारमा कार्यान्वयन गराउन र नेपालमा मानव अधिकार, मौलिक स्वतन्त्रता, कानुनको शासन र प्रजातान्त्रिक पद्धती बहुलता र बिविधतालाई आत्मसाथ गर्दै मानव अधिकरको संरक्षण र प्रवर्द्धनको आन्दोलनलाई अझ बढि शसक्त र प्रभावकारी बनाई संस्थागत गर्न नेपालमा मानव अधिकारको प्रवर्द्धन र संरक्षणको क्षेत्रमा कार्यरत मानव अधिकार रक्षकको सुरक्षा सम्बन्धी नीति आवश्यक भएकोले यो मानव अधिकार रक्षकको सुरक्षा नीति २०७४ को तर्जुमा गरिएको छ। पैरवीका लागि तयार गरिएको यो दस्तावेज समग्र मानवअधिकार रक्षकहरूको सुरक्षामा केद्रित छ। तर समाज र राष्ट्रमा हालसम्म रहेको महिलालाई हेर्ने दृष्टिकोणका कारण उत्पन्न शक्तिसम्बन्ध र त्यसबाट उत्पन्न जोखिमहरूलाई ध्यानमा राख्दै यसलाई तयार गरिएको छ।

## (२) परिकल्पना :

समुदायस्तरबाटै क्रियाशील महिला मानवअधिकार रक्षकको सुरक्षाको सुनिश्चितता गर्दै देश महिला अधिकार सुनिश्चितताका लागि प्रतिबद्ध छ भन्ने सार्वजनिक गर्दै महिला अधिकार सुनिश्चित गर्ने वातावरण तयार गर्ने।

## (३) उद्देश्य :

यो नीतिगत व्यवस्था (महिला मानव अधिकार रक्षक सुरक्षा नीति, २०७४) देखाईएका उद्देश्य प्राप्तिका लागि तयार गरिएको हो।

मानवअधिकार संस्कृतिको निर्माणः मानव अधिकारको संरक्षण र प्रवर्द्धनमा राज्यको जिम्मेवारीमा थप प्रभावकारिता ल्याई दण्डहीनता अन्त्य हुने वातावरण निर्माण गर्न।

## (४) रणनीति :

मानवअधिकार र विधिको शासनका आधारभूत सिद्धान्तहरूः समानता, निष्पक्षता, जवाफदेहीता,

पारदर्शिता, स्वतन्त्रता र लैङ्गिक संवेदनशीलतालाई पालना, मानव अधिकारको संरक्षण र प्रवर्द्धन गर्दै नेपालमा मानव अधिकारको आन्दोलनलाई संस्थागत विकास गरी माथि उल्लेखित उद्देश्य पूरा गर्न देहाएका मानवअधिकार रक्षकको सुरक्षा रणनीति अवलम्बन गरिएका छन् ।

(क) मानवअधिकार रक्षाका लागि क्रियाशील मानवअधिकार रक्षकको सुरक्षाको दायित्व राज्यले लिँदै काम गर्नका लागि सुरक्षित वातावरण निर्माण गर्ने ।

(ख) देशभित्र मानवअधिकारको क्षेत्रमा कार्यरत राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संघ संस्थाहरूसँग समन्वय गरी मानवअधिकार रक्षकको सुरक्षाका लागि आवश्यक पर्ने विभिन्न प्रकारका क्षमता अभिवृद्धिमा अनिवार्य प्रावधानहरू राख्ने ।

(ग) मानवअधिकारका क्षेत्रमा नेपाल राज्यभित्र कार्यरत राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सङ्घ संस्थाहरूलाई उपयुक्त सुरक्षा नीति तयार गर्न, सुरक्षा संयन्त्र निर्माण गरी कार्य गर्न आवश्यक सहयोग गर्ने ।

(घ) मानवअधिकार रक्षकको सुरक्षाका लागि केन्द्रदेखि स्थानीय स्तरसम्म सञ्जाल (Network) निर्माण गर्ने, स्थानीय प्रशासनलाई उत्तरदायी बनाउने ।

(ङ) मानवअधिकार रक्षकको सुरक्षाका लागि सुरक्षा निकायहरूमा विशिष्टिकृत जनशक्ति तथा तालिमको ब्यवस्था गर्ने ।

(च) मानवअधिकार रक्षकहरूको लागि विमाको व्यवस्था गर्ने ।

## (५) परिभाषा :

विषय र प्रसङ्गले अर्को अर्थ नलागेमा यस मार्ग निर्देशिकामा

(क) मानवअधिकार रक्षक भन्नाले विश्वव्यापी रूपमा मान्यता प्राप्त मानव अधिकार र मौलिक स्वतन्त्रताको संरक्षण र प्रवर्द्धनका लागि कार्य गर्ने व्यक्तिहरू, समूहहरू, सामाजिक संघ संस्थाहरू, राष्ट्रिय, स्थानीय, अन्तर्राष्ट्रिय संघ संस्था वा एकाईहरू हुन जसले मानवका राजनैतिक, नागरिक, आर्थिक, सामाजिक र साँस्कृतिक अधिकारको संरक्षण र संवर्द्धनका लागि कार्य गर्दछन् ।

(ख) “राज्य” भन्नाले नेपाल राज्य र राज्यको तर्फबाट राज्यको शक्ति प्रयोग गर्ने निकाय वा अधिकारी सम्झनु पर्दछ ।

(ग) “सुरक्षा निकाय” भन्नाले प्रचलित नेपाल कानुन बमोजिम स्थापित र सञ्चालित सुरक्षा निकाय सम्झनु पर्दछ र यो शब्दले एकिकृत सुरक्षा सञ्जाल र शक्ति समेतलाई जनाउने छ ।

(घ) “स्थानीय निकाय” भन्नाले स्थानीय स्तरमा प्रत्यक्ष रूपमा मानव जीवनसँग सरोकार राख्ने वा सरकार मातहतमा रही कार्य गर्दै आएका संरचनाहरू सम्झनुपर्दछ ।

(ङ) “स्थानीय प्रशासन” भन्नाले प्रचलित कानुन बमोजिम गठन, सञ्चालन र स्थापित गरिएका स्थानीय प्रशासन र सुरक्षा सम्बन्धी निकायहरू सम्झनु पर्दछ ।

(च) “मानवअधिकार रक्षा सुरक्षा नीति” भन्नाले नेपाल सरका` यस नीतिलाई अनुमोदन गरेपश्चात् यस नीतिलाई सम्झनु पर्दछ ।

## (६) कार्यान्वयन नीति :

माथि उल्लेखित रणनीतिहरूको कार्यान्वयनका लागि देखाईएका नीतिहरू अवलम्बन गरिने छ ।

(क) सुरक्षाको दृष्टिले अति जोखिम, जोखिम

र सामान्य गरी तीन बर्गमा बिभाजन गरी मानवअधिकार रक्षकहरूको सुरक्षा व्यवस्थाको प्राथमिकी निर्धारण गर्ने ।

(ख) माथि उल्लेख गरिए बमोजिम प्राथमिकता निर्धारणको आधारमा राज्यले सुरक्षा नीतिमा हेरफेर गरी प्राथमिकताको आधारमा सुरक्षा व्यवस्थाहरू मिलाउने ।

(ग) सुरक्षा ब्यवस्थालाई प्रभावकारी बनाउन मानवअधिकार रक्षक एकिकृत सुरक्षा संयन्त्रको निर्माण गर्ने ।

(घ) महिला मानवअधिकार रक्षकको सम्बन्धमा सुरक्षाको व्यवस्था, लैंङ्गिक भूमिका, लैंङ्गिक सम्बन्धवत उत्पन्न परिणामहरूलााई केन्द्रमा राख्दै संवेदनशील उपायहरू अवलम्बन गरी गर्ने ।

(ङ) सुरक्षाको सूचना, जानकारी,अनुसन्धान र कार्यन्वयनमा एकद्वार नीति अवलम्बन गर्ने ।

(च) देशभरी कार्यरत मानवअधिकार रक्षकहरूको लागि सुरक्षा सञ्जालमा सहज पहुँचको व्यवस्था मिलाउने ।

(छ) मानवअधिकार रक्षकको लागि छुट्टै वेबसाईड (Website) को निमार्ण गर्ने र सम्पूर्ण सुरक्षा सम्बन्धी सूचनाहरू प्रवाह गर्ने । सुरक्षा सम्बन्धी (Online) सेवा गृह मन्त्रालयले सञ्चालन गर्ने ।

(ज) मानवअधिकारको क्षेत्रमा काम गर्ने, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संघ संस्थाहरूसँग सहकार्य गरी ती संघ संस्थामा कार्यरत वा आवद्ध भएका मानवअधिकार रक्षकहरूलाई सुरक्षा सतर्कता अपनाउन अवलम्बन गर्नु पर्ने उपायहरूका बारेमा सहयोग आदान प्रदान गर्ने ।

(झ) मानवअधिकार रक्षकको सुरक्षाका लागि नेपालमा कार्यरत मानव अधिकारसँग सम्बन्धित राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संघ संस्थासँग मानवअधिकार रक्षकलाई व्यक्तिगत वा कार्यगत तवरले प्रभाव पार्न सक्ने सुरक्षा सूचना (Security Information) आदान-प्रदान गर्ने ।

(ञ) मानवअधिकार रक्षकको सुरक्षाका लागि पूर्व सुरक्षाका उपायहरू अवलम्बन गर्न आवश्यक सुरक्षा सम्बन्धी तालिमहरू सञ्चालन गरिने छ। यस्ता तालिमहरू सञ्चालन गर्दा नेपालमा कार्यरत मानवअधिकारको क्षेत्रमा कार्य गर्ने राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सङ्घ संस्थाहरूसँग समन्वय गरी सहकार्य गरिने छ ।

(ट) सुरक्षाको उपायहरू अवलम्बन गर्न व्यापकरूपमा वकालत गर्ने र त्यसका लागि राज्यले सहयोग उपलब्ध गराउने ।

(ठ) मानअधिकार रक्षकको सुरक्षा गर्ने प्रारम्भिक दायित्व राज्यको हो भन्ने विषयमा सुरक्षासँग सम्बान्धित सबै निकाय र पदाधिकारीहरूलाई संवेदनशील बनाउने ।

(ड) महिला मानवअधिकार रक्षकहरूको सुरक्षाका लागि विशेष र थप सुरक्षा उपायहरू आवश्यक पर्ने हुँदा त्यसको लागि आवश्यक सुरक्षाका उपायहरूको पहिचाहन गरी कार्यान्वयन गर्ने ।

(ढ) मानवअधिकार रक्षकको सुरक्षाका लागि आवश्यक सुरक्षा सूचनाहरू दैनिक अद्यावधिक गरी वेबसाईड सञ्चालन गर्ने र सञ्चारका माध्यमहरू जस्तो रेडियो, टेलिभिजन, इलष्लिभ सेवा, पत्रपत्रिका लगायतका आम सञ्चारका माध्यमबाट त्यसको प्रचार प्रसार गरिनेछ। यसरी प्रकाशित गरिने सबै सूचनाहरूलाई महिलामुखि बनाउने ।

(ण) महिला मानवअधिकार रक्षकहरूले गर्ने गरिरहेका कामहरू देश र जनताको लागि विशेष छ। उनीहरूको योगदानले समाजलाई मानव अधिकारमुखि बनाउन सहयोग पुगेको छ भन्नेबारे स्पष्ट बनाउँदै समाज र घरपरिवारमा सचेतीकरण गर्ने।

(त) मानव अधिकार रक्षकको विश्वव्यापी सुरक्षा रणनीतिमा सहयोग पुऱ्याउने र त्यसको लागि आवश्यक जनशक्ति श्रोत साधनको व्यवस्था मिलाई राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरमा समन्वय गरी सुरक्षा रणनीति अवलम्बन गर्ने। महिला मानवअधिकार रक्षकको विशेष अवस्थामा ख्याल गर्दै संवेदनशील सुरक्षा नीति बनाउने।

(थ) मानव अधिकार रक्षकको सुरक्षाको दृष्टिले अति जोखिम, जोखिम र सामान्य गरी तीन क्षेत्रमा विभाजन गरी आवश्यकता अनुरूपको सुरक्षा नीति बनाउने। महिलाका लागि विशेष व्यवस्था गर्ने।

(द) सुरक्षा योजनाको निमार्ण गर्दा जोखिमको मूल्याङ्कन र निर्धारण, दबाब र त्रासको बुझाई र आंकलन, सुरक्षाका घटनाहरू, आक्रमणको निवारण कार्यस्थल र बाहिरी सुरक्षाको वातावरण, महिला मानव अधिकार रक्षकहरूको सुरक्षा सम्बन्धि विशेष र थप उपायहरू, सञ्चार र सूचना प्रविधिमा अपनाउन पर्ने सुरक्षा सम्बन्धी रणनीति समेतलाई आधार बनाएर सुरक्षा योजनाको निर्माण गरिनेछ।

(ध) मानव अधिकार रक्षकको सुरक्षालाई कानुनी रूपमा सुनिश्चित गरी मानवअधिकार रक्षकका काम, कर्तव्य र अधिकार दायित्व निर्धारण र परिभाषित गर्न, मानवअधिकारको संरक्षण सम्बन्धमा काम गर्दा पुगेको नोक्सानी र क्षतिका लागि कानुनी उपचारको सुनिश्चितता गर्न, मानव अधिकार रक्षकको सुरक्षालाई प्रभावकारी बनाउन राष्ट्रिय मानव अधिकार आयोग भित्र एक शसक्त विभाग गठन गरिनेछ। मानवअधिकार रक्षकको सेवालाई सुरक्षा प्रदान गरी प्रभावकारी बनाउन मानव अधिकार रक्षक कोषको व्यवस्था गर्न हाल प्रचलित नेपाल कानुनमा छुट्टै विशेष कानुन नभएको हुँदा यस बिषयमा छुट्टै विशेष ऐन निर्माण गरी कार्यन्वयन गर्ने।

(न) मानव अधिकार रक्षकको सुरक्षाका लागि जोखिमको मूल्याङ्कन र निर्धारण, दवाब र त्रासको आङ्कलन र बुझाई सुरक्षासँग सम्बन्धित घटनाहरू, आक्रमणको निषेध र निवारण, कार्यस्थल र वाहिरको सुरक्षाको वातावरण, महिला मानवअधिकार रक्षकको सुरक्षासँग सम्बन्धित बिशेष थप उपायहरू, मानव अधिकार रक्षकको सुरक्षाका लागि शशस्त्र द्धन्दमा अवलम्बन गरिनु पर्ने विशेष सुरक्षका थप उपाय र रणनीतिहरू, सुरक्षा योजना निर्माण गर्दा ध्यान दिनुपर्ने विषयहरू, विश्वव्यापी रूपमा मानवअधिकार रक्षकको सुरक्षा संबन्धी रणनीतिको अनुशरण र अवलम्बन गर्न, सञ्चार र सूचना प्रविधिमा सुरक्षा गर्न, संगठनात्मक सुरक्षा, सुरक्षा सम्बन्धी नियम र कार्यविधि पालनाको सुनिश्चिता गर्न, संगठनात्मक सुरक्षाको व्यवस्था र प्रक्रिया निर्धारण, सुरक्षा सम्बन्धी तहगत आधार र प्रक्रिया जोखिम न्यूनीकरणका उपायहरू, मानव अधिकार रक्षकको थुना, गिरफ्तार र अपहरणबाट सुरक्षा गर्न, सुचनाको सुरक्षाको व्यवस्थापन समेतका विषयहरूलाई समेट्ने

गरी १ वर्षभित्र मानवअधिकार रक्षकको सुरक्षा सम्बन्धी निर्देशिका तयारगरी लागू गरिने छ। यसरी तयार गर्दा महिला मानवअधिकार रक्षकहरूको अवस्था र आवश्यकतालाई केन्द्रित गर्दै, विशेष व्यवस्था गर्नुपर्नेछ।

(प) मानवअधिकार रक्षकको सुरक्षासँग सम्बन्धित सुरक्षा निकायहरूलाई आवश्यक पर्ने क्षमता अभिबृद्धि कार्यक्रमहरू सञ्चालन गरिने छ।

(य) महिला मानवअधिकार रक्षकहरूको कामलाई प्रचारप्रसार गर्दै गरी उनीहरूको सकारात्मक छवि निर्माण गर्ने।

## (७) कार्यनीतिहरू (Working Policies)

माथि उल्लेखित नीतिहरूलाई कार्यान्वयन गर्न देखाए बमोजिम कार्यनीति अवलम्बन गरिने छ।

(क) प्रत्येक जिल्लामा नागरिक समाज र मानवअधिकारको क्षेत्रमा कार्य गर्ने सङ्घ संस्थाहरूका प्रतिनिधि समेत बढिमा ५ जना रहने गरी मानवअधिकार रक्षक सुरक्षा समिति गठन गरी कार्यको थालनी गर्ने। यसमा कम्तीमा २ जना महिला मानव अधिकार रक्षकहरू रहने व्यवस्था गर्ने।

(ख) सकेसम्म छिटो सुरक्षा संयन्त्रको निर्माण गर्ने।

(ग) मानव अधिकार रक्षकको सुरक्षाको सूचना र जानकारी तथा अनुसन्धान र सुरक्षा रणनीति नेपाल सरकार गृह मन्त्रालय मार्फत गर्ने गरी एकद्धार प्रणालीको थालनी गर्ने।

(घ) नेपाल राज्य भरी रहेका मानव अधिकार रक्षकहरूको एकिकृत बिवरण तयार गर्ने।

(ङ) मानवअधिकार रक्षकका लागी सुरक्षा सम्बन्धी तालिम निर्देशिका (Training Manual) तयार गर्ने।

(च) मानव अधिकार रक्षक सुरक्षा ऐन निर्माण नभए सम्मका लागी मानवअधिकार रक्षकको सुरक्षाको कार्य गर्न गृह मन्त्रालय अन्तर्गत मानवअधिकार रक्षक सुरक्षा कोषको स्थापना गर्ने।

(छ) महिला मानवअधिकार रक्षकको सुरक्षाका लागि देहाएका थप र विशेष सुरक्षा उपायहरू अवलम्बन गर्ने :-

- कार्यस्थलमा आफ्ना पुरुष साथीहरू र अन्य व्यक्तिहरूबाट हुने यौन दुर्ब्यवहार र अन्य प्रकारका दुर्ब्यवहार रोक्न गोप्य रिर्पोटिङ र छानबिन गर्ने व्यवस्था मिलाउने।
- महिला मानवअधिकार रक्षक माथि हुने घरेलु हिंसा रोक्न, आवश्यक पहल गर्ने र परामर्श सेवाहरू उपलब्ध गराउने।
- महिला मानवअधिकार रक्षकको पहिचान स्थापित गर्ने
- महिला मानवअधिकार रक्षकको सुरक्षाका लागि उनीहरूको कामको उचित कदर र सम्मान गर्ने।

महिला मानवअधिकार रक्षाका लागि विशेष र थप आवश्यकताहरू हुने हुँदा सुरक्षाका थप तथा बिशेष उपायहरू अवलम्बन गर्ने, जस्तो उनीहरूको कार्यको सम्मान र कदर गर्ने, यौन जन्य दुर्व्यवहार र अन्य प्रकारका दुर्व्यवहार रोक्ने, आर्थिक, सामजिक र साँस्कृतिक रूपमा हुने मानसिक तनाव

हटाउन आवश्यक मनोविमर्श सेवाहरू सञ्चालन गर्ने। महिलाहरूलाई तालिम सञ्चालन गरी मूल प्रवाहमा ल्याउने।

(ट) मानवअधिकार रक्षकको सुरक्षाका नीति कार्यान्वयन गर्न आवश्यक पर्ने श्रोत साधन, जनशक्ति र भौतिक पूर्वाधारको ३ महिना भित्र अध्ययन गरी प्रतिबेदन तयार गर्ने।

(ठ) सुरक्षासंग सम्बन्धित कार्यक्रम सञ्चालन गर्दा नेपालमा मानव अधिकारको क्षेत्रमा काम गरिरहेका राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सङ्घसंस्था संग सहकार्य गरिने छ।

## (८) समन्वय सम्बन्धी व्यवस्था :

क) केन्द्रमा गृह मन्त्रालयले र स्थानीय स्तरमा जिल्ला प्रशासन कार्यलयले समन्वयको व्यवस्था गर्नेछ। संविधान सभाबाट निर्मित नयाँ संबिधानले निर्धारण गरेको राज्यको ढाँचाको आधारमा समन्वयको व्यवस्था मिलाउने छ।

ख) स्थानीय स्तरमा जिल्ला प्रशासन कार्यालय यो सुरक्षा नीति कार्यान्वयन गर्ने प्रमुख निकाय हुनेछ। यो सुरक्षा नीति स्थानिय स्तरमा कार्यान्वयन गर्नु जिल्ला प्रशासनको दायित्व हुनेछ।

## (९) मानवअधिकार रक्षक सुरक्षा कोषः

मानवअधिकार रक्षकको सुरक्षा नीति कार्यान्वयन गर्न गृह मन्त्रालय अन्तर्गत मानवअधिकार रक्षक सुरक्षा कोष नामक एक कोष रहने छ। यस कोषको रकम यो सुरक्षा नीति कार्यान्वयन गर्न मात्र खर्च गर्न सकिनेछ। यस कोषमा देखाएका रकमहरू जम्मा हुनेछ।

(क) नेपाल सरकारबाट प्राप्त रकम

(ख) राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सङ्घ संस्थाबाट प्राप्त रकम

(ग) विदेशी राजयबाट प्राप्त सहयोग रकम

(घ) विभिन्न दातृ संस्थाहरूबाट उक्त नीति कार्यान्वयन सहायोग बापत प्राप्त रकम

## (१०) अन्य व्यवस्थाहरु :

क) महिला मानव अधिकार रक्षक सुरक्षा नीति कार्यन्वयन गर्न स्थानिय प्रशासनले स्थानीय निकायहरूलाई समन्वय गरी सामुदायिक परिचालन (Community Mobilization) को व्यवस्था मिलाउने छ।

ख) राज्यले आम सञ्चारका माध्यमबाट मानवअधिकार रक्षकको सुरक्षाका लागि सचेतना र जागरण कार्यक्रम सञ्चालन गर्नेछ।

ग) मानवअधिकार रक्षकको सुरक्षाका लागि स्थानीय स्तरमा मानव अधिकार रक्षकको सुरक्षासँग सम्बन्धित सुरक्षा निकायहरू, समुदायमा आधारित सङ्घसंस्थाहरू, नागरिक समाज, मानवअधिकारको क्षेत्रमा काम गर्ने राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सङ्घसंस्थाहरू, स्थानीय निकाय, गाँउका मुखिया, अनौपचारिक न्याय प्रणाली (Internal Justice System) अन्तर्गतका सरोकारवालाहरूलाई समन्वय र परिचालन गर्ने कार्य स्थानीय प्रशासनले गर्नेछ।

## (११) मानवअधिकार रक्षकहरूको सुरक्षा र राज्यको दायित्वः

मानवअधिकारको सम्वर्धन, संरक्षण र सम्मानका लागि कार्यरत मानवअधिकार रक्षकहरूको सुरक्षामा राज्यको भूमिका देहाय बमोजिमको हुनेछः

**(क)** **पहिचानः** मानव अधिकारको क्षेत्रमा स्वयम्सेवी भावले कार्यरत मानवअधिकार रक्षकहरूको पहिचानको सुनिश्चिता गर्ने।

(ख) **जोखिम र खतराको न्यूनीकरण** : मानवअधिकार रक्षकहरू जोखिम र खतरामा रहेको अवस्थाको पहिचान गर्ने संयन्त्रको विकास गरि सो अवस्थामा रहेका मानवअधिकार रक्षकहरूको उद्दार गर्ने ।

(ग) **विशिष्टीकृत जनशक्ति तथा क्षमता अभिवृद्धि** : मानवअधिकार रक्षकको सुरक्षाका लागि सुरक्षा निकायहरूमा विशिष्टिकृत जनशक्ति तथा क्षमता अभिबृद्धिको व्यवस्था गर्ने ।

(घ) **मानवअधिकार रक्षकहरूको क्षमता अभिवृद्धि** : मानवअधिकारको क्षेत्रमा काम गर्दा आईपर्ने जोखिम तथा चुनौतिहरको न्यूनीकरणका लागि सुरक्षा सम्बन्धित तालिमहरूको आयोजना गर्ने तथा समयसमयमा मानव अधिकार रक्षकहरूसँग उनीहरूको अवस्थाका बारेमा छलफल तथा परामर्श गर्ने ।

PLAN INTERNATIONAL

WOMEN'S REHABILITATION CENTRE
NEPAL 1991